# प्रजनन्, परमेश्वरको राज्य विस्तारलाई सिमित गराउने एउटा मात्र कारक हो

प्रकृतिले पनि परमेश्वरको प्रजनन् र नयाँपनको निरन्तर चक्रिय कामलाई प्रतिबिम्बित गर्दछ, के यो चाखलाग्दो छैन र ? वर्षको हरेक मौसमको आफ्नै सुन्दरता र उद्देश्य छ, तर अन्त्यमा एउटाले अर्को मौसमलाई आउनका लागि छोडिदिनु पर्दछ ताकि नयाँ चक्र लगातार चलिरहनसकोस् । मानव र जनावरहरु दुवैसित प्रजनन् इच्छा हुन्छ । यो इच्छा हाम्रो सृष्टिकर्ताले उहाँको राज्य एक पुस्ताबाट अर्को पुस्तामा विस्तार गर्ने एकै मात्र उद्देश्यपूर्वक राखिदिनुभयो ।

आदम र हव्वालाई वृद्धि हुनलाई परमेश्वरले आज्ञा गर्नुभएजस्तै, हामी विश्वासीहरुलाई पनि हाम्रा प्रभु येशूबाट यही आज्ञा दिईएको छ । यो काम हामी दुई तरिकाबाट पूरा गर्दछौं । एउटा तरिका भनेको, हराएकाहरुलाई येशूको बारेमा गवाही दिएर अनि तिनीहरुलाई परमेश्वरको राज्यमा नयाँ गरी जन्माएर हो । दोस्रो तरिका चाहिँ, आफैजस्तो बनाउनका लागि(प्रजनन्) सक्रियरुपमा प्रशिक्षण र अनुशासन सिकाएर हो । के तपाई परमेश्वरको राज्य विस्तारलाई सिमित तुल्याई राख्निुभएको त छैन ?

## आजको प्रार्थना

पिता, जीवनको व्यस्तताको मध्य, तपाईको राज्य विस्तारको काम म अनि अरुहरुलाई सहभागी गराउने जिम्मेवारीलाई कहिल्यै वेवास्ता नगर्न सहायता गर्नुहोस् । हराएकाहरुलाई जित्न, मलाई सहास दिनुहोस् र अर्को बिन्दुको लागि मैले धावकहरुलाई खड़ा गर्नुपर्दछ भन्ने मलाई भित्री परिपक्वतापूर्णको र निश्चयतापूर्णको महशुस गराउनुहोस् ।

## आजको बाईबल खण्ड

उत्पत्ति १:२८ परमेश्वरले तिनीहरुलाई आशिष दिनुभयो, र तिनीहरुलाई भन्नुभयो, “फल्दै-फुल्दै, वृद्धि हुँदै, पृथ्वीमा भरिदै र त्यसलाई आफ्नो वशमा पार्दैजाओ । समुद्रमा माछाहरु, आकाशका पक्षीहरु तथा पृथ्वीका सबै जीवित प्राणीहरुमाथि अधिकार गर ।”

२ तिमोथी २:२ धेरैजना साक्षीहरुका उपस्थितीमा तिमीले मबाट जे कुरा सुनेका छौं, ती अरुहरुलाई पनि सिकाउन सक्ने विश्वासयोग्य मानिसहरुलाई सुम्पिदेऊ ।

मत्ति २८:१८-१९ तब येशू तिनीहरुकहाँ आएर भन्नुभयो, “स्वर्ग र पृथ्वीमा समस्त अकिार मलाई दिईएको छ । यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ, मैले तिमीहरुलाई आज्ञा गरेको सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरुका साथमा छु ।”

# हातले औंलाएर मात्र सत्यताको तय हुँदैन

अमेरिका, प्रजातान्त्रिक पद्दतिमा राष्ट्रपतिले शासन गर्ने सरकारको स्वरुप भएको राष्ट्र हो भनि चिनिन्छ । अमेरिकाको राष्ट्र पिताहरुले“हामी जनता” द्धारा शासित हुने एउटा राष्ट्रको स्थापना गरे । अतः कार्य प्रमुखहरुलाई छनोट गर्दा, कानून पारित गर्दा, र साथै संविधानमा विधानहरु संशोधन थप गर्दा, एउटा प्रमुख नियमलाई लागू गरिन्छ । त्यस प्रजातान्त्रिक समाजको हरेक क्षेत्रमा हातको निर्देनको भरमा निम्ति यसकारण स्थापित हुँदछ । तरैपनि, परमेश्वरको राज्य भने, न त प्रजातान्त्रिक हो, न त लोकतान्त्रिक नै हो । यो इश्वारिय कानूनको अधिनमा सञ्चालित हुन्छ, जसको अर्थ “परमेश्वरले शासन” गर्नु हुन्छ भन्ने हो । कठिनाईहरुको समयमा भएर जानुपर्दा हामी प्राय हाम्रो विचारसित सहमत हुने अन्य व्यक्तिहरुको राय र सहमतिलाई खोज्दछौं । कति धेरै संख्यामा मानिसहरु पार्न सक्यौं कि सकेनौं भन्ने कुरामा पछुतो नगरी, परमेश्वरको वचनमाथि कहिल्यै वहस गर्नुहुँदैन वा भोट दिएर नतिजा निकाल्ने काम गर्नुहुँदैन । बाईबल *सत्यको वचन* हो । यसले आफूले भन्न खोजेको कुरालाई भन्दछ र आफ्नो अर्थलाई नै भन्दछ । सबैका खातिर, तपाईको हातलाई परमेश्वरको हातमा दिनुहोस्, अनि आजैबाट उहाँको सत्यतामा हिँड्नुहोस् ।

## आजको प्रार्थना

प्रभु, मलाई तपाईले सृजनुभएको हो, अनि मलाई थाहा छ कि मेरो सृष्टिकर्ता भएको कारणले गर्दा, मेरो लागि उत्तम कुरा के हुन्छ भनी सदा तपाईलाई थाहा छ । मेरो कठिनाईको समयहरुमा अधिकांश मानिसहरुले भन्ने कुरा नपछ्याउन तर तपाईको वचनमा प्रकट गरिएको सत्यतामा समर्पित भएर रहिरहन मलाई शक्ति दिनुहोस् ।

## आजको बाईबल खण्ड

यूहन्ना १७:१७ तिनीहरुलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईको वचन सत्य हो ।

भजनसंग्रह ११९:३० मैले त सत्यताको मार्ग छानेको छु, तपाईका नियमहरु मैले मेरो सामुन्ने राखेको छु ।

रोमी ३:४ त्यसो नहोस्, परमेश्वर सत्य र हरेक मानिस झुटो ठहरिओस् । जस्तो लेखिएको छः “तपाई आफ्ना वचनमा ठीक ठहरिनुहोस्, र इन्साफ हुँदा तपाई विजयी हुनुहोस् ।”

१ कोरिन्थी १:२० वुद्धिमान कहाँ छ ? शास्त्री कहाँ छ ? यस युगका तर्क गर्नेहरु कहाँ छन् ? के परमेश्वरले यस संसारको वुद्धिलाई मूर्ख तुल्याउनुभएन र ?

# सहास अर्थ, भयरहित हुन भनेको होईन

भय अनिवार्यरुपमा एउटा नकारत्मक भावना होईन । उदाहरणको लागि, एउटा पहाड़को किनारको अति नजिक गाडी नचलाउने एउटा स्वस्थ डरले कसैलाई एउटा गंभिर वा घातक र्दुघटनाबाट जोगाउँछ । एउटा जंगली जनावर जस्तै, सर्पसितको डरले कसैलाई त्यसको टोकाईबाट जोगाउँछ । तैपनि, अभिवावक जो सहासिला(निडर होइनन्)भइ, त्यस नानी र सर्प बीचमा अभिकन सर्पको टोकाई र विषबाट क्षति पुग्नबाट त्यस बालकलाई बचाउँदछ ।

त्यसकारण, डरसित हाम्रो जीवनलाई वा त सकारात्मक अथवा नकारात्मक रुपमा सेवा पुऱ्याउने क्षमता हुन्छ । डरले हामीलाई हामीले के  गर्नुपर्ने कुरा अनि गर्न नहुने कुरा नगर्नबाट टाढा राख्दछ । वीरहरु वा नायकहरु ती व्यक्तिहरु हुन्, जसलाई यस कुराको भिन्नताको बारेमा ज्ञान छ, र वुद्धिमानीपूर्वक र सहासीरुपमा उनीहरुले काम गर्दछन् । विना कारणको डरलाई तपाईको प्रगतिमा बाधक बन्न नदिनुहोस् । सहासिलो हुनुहोस् र खड़ा हुनुहोस् ।

## आजको प्रार्थना

परमेश्वर, मेरा सबै डरहरुसित सहासका साथ सामना गर्न र आज अनि हरेक दिन विजयतामा हिँड्न मलाई समार्थ्यवान हुनमा सहायता गर्नुभएको लागि तपाईलाई धन्यवाद छ । तपाईमा भरोसा राखी जीवका समस्याहरुमाथि सहासका साथ प्रतिकिया दिन मलाई सिकाउनुहोस् ।

## आजको बाईबल खण्ड

भजनसंग्रह १११:१० परमप्रभुको भय बुद्धिको शुरु हो, उहाँका आदेशहरु पालन गर्नेहरुको समभशक्ति ठीक हुन्छ, उहाँको प्रंशसा सधैंभरि रहिरहन्छ ।

यहूदा १:२२-२३ दोधारमा हुनेहरुलाई दया देखाओ, अरुहरुलाई आगोबाट तानी निकालेर बचाओ, कसै-कसैलाई दया देखाउँदा होशियार गर, पाप-स्वभावद्वारा बिटुलिएका वस्त्रसमेत घृणा गर ।

यहोशू १:८-९ व्यवस्थाको यो पुस्तक तेरो ओठबाट नहटोस्, तर त्यसमाथि तैंले दिनरात ध्यान गर्नू अनि त्यसमा लेखिएका सबै कुरा होशियारीसाथ पालन गर्नू, र तेरा सबै मार्गहरुमा तैंले उन्नति गर्नेछस् र सफलता पाउनेछस् । तँलाई मेरो आज्ञा छ बलियो र खूबै सहासी हो, नडरा, निराश नहो, किनकि तँ जहाँ गएपनि, परमप्रभु तेरो परमेश्वर, तेरो साथमा हुनुहुनेछ ।

# तपाई अति दृढ़ तब बन्नुहुनेछ जब हार नखाने दृढ़ता गर्नुहुन्छ

कति दु:खको कुरा कि बाल्यकालमा हामीले सिकेका पाठहरुका एउटा सानो अशंलाई पनि हामी प्रतिबिम्बित गर्दैनौं र न त अहिले नै त्यसलाई लागू गर्दछौं । हाम्रो साईकल सिक्दाको पहिलो प्रयासर्ला सम्झौं । दुई पाङ्ग्रामा सन्तुलन कायम राख्न असम्भव जस्तो लागेको थियो, तर हामीले सहास गऱ्यौं र सिक्यौं । कति पटक हामी लड्यौं, घुडाँ खुत्कायौं, अनि फेरी प्रयास गऱ्यौं ? तरपनि, हामीले निरन्तर प्रयास जानरी राख्यौं किनभने हाम्रा साथी-भाइहरुसित साईकल चलाएर स्कूल जाने सपना देख्नलाई छाडिदिन मानेनौं । अन्त्यमा, हाम्रो लगातारको कोशिस र सहासले गर्दा हामी सड़कमा साईकल हाक्न सक्षम भयौं ।

जीवनमा हामीले सामना गर्ने चूनौतीहरु साईकल चलाउने प्रकृति भन्दा कुनै फरक छैन । धार्मिकतामा सिधा र साँघुरो मार्गमा अगाडि बढ्नु र परमेश्वरको उद्देश्यलाई पूरा गर्नु, साईकल चलाउनु जस्तै हो । हार नमान्नको लागि सहास, ध्यान र दृढ़ताको आवश्यकता पर्दछ ।

## आजको प्रार्थना

पिता, एउटा बालकको झैं निसन्देशपूर्ण विश्वास म भित्र हालीदिनुहोस् जसद्वारा जीवनका हरेक चूनौती एउटा विजयी मनका साथ सामना गर्न सकूँ । बाईबलका सबै नायकहरु जसले यस संसारमा तिनीहरुलाई सुम्पिएको असम्भव काम विश्वास र पवित्रआत्माद्वारा पूरा गरी विजयी भए, तिनीहरुको याद मलाई दिलाउनुहोस् ।

## आजको बाईबल खण्ड

फिलिप्पी ३:१४ खीष्ट येशूमा परमेश्वरको स्वर्गिय बोलावटमा पाईने पुरस्कारको निम्ति निशानातिर म जोड़सँग अघि बढ्दछु ।

हिब्रु १२:२ हाम्रा विश्वास सुरु गर्नुहुने र पूरा गर्नुहुने येशूलाई हेरौं, जसले उहाँको सामुन्ने राखिदिएका आनन्दको निम्ति अपमानलाई केहीजस्तो नठानी क्रुसको कष्ट भोग्नुभयो, र परमेश्वरको सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ ।

हिब्रु १०:३८ तर मेरो धार्मिक जनचाहिँ विश्वासद्वारा बाँच्नेछ, र यदि उ पछि हट्छ भनेता म उससँग खुशी हुनेछैनँ ।

# जसको कान छ त्यसले मण्डलीको बारेमा आत्मा के भन्नुहुन्छ भनी सुनोस्

यो शब्द यी अन्तिम दिनहरुका लागि प्रकाशको पुस्तकमा भनिएको परमेश्वरको वचन हो । संसारको बारेमा होईन तर मण्डलीको बारेमा परमेश्वरको आत्मा के भन्दै हुनुहुन्छ भनी सुन्ने कान हामीसित हुनुपर्दछ । २ राजा ७ अध्यायमा दिईएको कथामा, इस्राएलको शत्रुहरुबाट इस्राएल चारैतिर घेरिएको छ अनि तिनीसित जितको कुनै आशा थिएन, तरपनि परमेश्वरले एउटा आवजद्वारा तिनको शत्रुलाई तिर-बितर पारिदिनुभयो । जब अरामीहरुले एउटा भयभित गराउने परमेश्वरद्वारा तिनीहरुको विरुद्धमा पठाईएको आवाज सुनें, तिनीहरु भागे, भाग्दाखेरी तिनीहरुले आफ्ना धन, हतियारहरु र सम्पत्ति सबै इस्राएलीका हुनका लागि छाडिगए । अरामीहरुले सुनूँन भनी परमेश्वरले चिताउनुभएको आवाज उहाँको सन्तानतले सुनूँन भनी परमेश्वरले कहिल्यै चिताउनुभएन । परमेश्वरले अहिले पनि हाम्रो शत्रुहरुलाई भगाउन भयभित गराउने आवाजहरु बोल्नुहुन्छ । संसारले सुन्ने आवाजहरु नसुन्नुहोस्...मण्डलीलाई परमेश्वरको आत्मा के भन्नुहुन्छ सो कुरालाई मात्र सुन्नुहोस् । परमेश्वरले तपाई संसार जुन कुरा<u>बाट</u> भाग्दै छ, त्यही कुरा<u>तिर</u> भागेको चाहानुहुन्छ । मण्डलीलाई परमेश्वरले के भन्दै हुनुहुन्छ ?

## आजको प्रार्थना

प्रिय प्रभु, मण्डलीलाई परमेश्वरको आत्माले के भन्दैहुनुहुन्छ भनी सुन्ने कान र बुझ्ने हृदय मलाई दिनुहोस् । संसार र तपाईको सन्तानले के सुनेको चाहानुहुन्छ त्यो भिन्नता छुट्याउन मलाई सहायता गर्नुहोस् ।

## आजको बाईबल खण्ड

२ राजा ७:६-७ किनकि परमप्रभुले आरामीहरुलाई रथहरु, घोड़ाहरु र एउटा ठूलो सेनाको आवाज सुन्न लाउनुभएको थियो ताकि, उनीहरुले एक-अर्कालाई भने, “हेर त, इस्राएलका राजाले त हामीलाई आक्रमण गर्न हित्ती र मिश्रदेशका राजाहरुलाई भाड़ामा ल्याएका छन् ।” यसैकारण उनीहरु साँझमा आफ्ना पालहरु, घोड़ाहरु र गधाहरु छोडेर ज्यान बचाएर भागेका थिए । छाउनी पनि त्यस्तै लथालिङ्गै थिए ।

मत्ति १३:१५ किनकि यी मानिसहरुको हृदय बोधो भएको छ, र तिनीहरुका कान बहिरा भएका छन्, र तिनीहरुले आफ्ना आँखा बन्द गरेका छन्, नत्रता तिनीहरुले आँखा देख्नेथिए, कानले सुन्नेथिए, हृदयले बुझ्नेथिए, र फर्कनेथिए, र म तिनीहरुलाई निको पार्नेथिएँ ।

# तपाई गुज्रिएर जाँदै गरेको परिस्थिती तपाईको विगतको लागि पाएको दण्ड नहोला तर बरु तपाईको भविष्यको फाईदाको लागि होला

जागिर खानलाई जाँदा लिईएको अन्तरवार्तामा हामी धेरैलाई सोधियो, "के तपाईसित कुनै अनुभव छ ?" हामीले हाम्रो शैक्षिक योग्यतामा ठूलो जोड देखाएता पनि, अन्तरवार्ता लिने व्यक्तिहरु हाम्रो विगतको अनुभवमा अति रुचि लिन्छन् । वास्तविकता यो हो कि धेरै रोजगारीमा हामीसित योग्यता भएको भएतापनि, कुनै विशेष अनुभवको आवश्यकता पर्दछ ।

विगतको अनुभवबाट पाईएको फाईदाले हामीलाई के गर्ने र के नगर्ने भनी थाहा गर्न सक्षम बनाउँछ अनि एक चोटी भन्दा धेरै ठूलो मूल्य चुत्ता गर्नुपर्ने गल्तीहरु गर्नबाट जोगाउँछ । जीवनको बाटोमा हामीहरुबाट गल्तीहरु हुँदछ, यद्दपि, परमेश्वर यी गल्तीहरुलाई प्रयोग गरी हामीलाई शिक्षित गर्न अनि हाम्रा अवस्था वा ओहोदालाई उत्तम बनाउन चाहानुहुन्छ ।

## आजको प्रार्थना

परमेश्वर, मेरो वर्तमान अवस्थाहरु र परिस्थितीको बारेमा मेरो सोचलाई परिवर्तन गर्न मलाई सहायता गर्नुहोस् । तिनीहरुलाई प्रयोग गरी मलाई तपाईको विश्वासयोग्यता र प्रेम सिकाउनुहोस् ताकि मेरो लागि तपाईले मेरो जीवनमा राखिदिनुभएको उत्तम कुरालाई समाल्न म सक्षम हुन सक्नेछु । साथै, तपाईबाट सिक्दै गर्दा, म प्रार्थना गर्दछु कि म उत्तम कुराको लागि भरोसा गर्न लायकको छु भनी थाहा गर्नुहोस् किनकि मेरो जीवनको परिक्षा तपाईको शक्तिद्वारा र तपाईको वचनद्वारा उत्तिर्ण हुने अठोट मैले गरको छु ।

## आजको बाईबल खण्ड

उत्पत्ति ५०:२० तिमीहरुले मेरो विरुद्धमा हानी गर्ने विचार गरेका थियौं, तर परमेश्वरले त्यही कामद्वारा भलाई गर्नुभयो ताकि जसरी आज भइरहेको छ त्यसरी नै धेरैजना मानिसहरु बाँचिरहून् ।

यशैया ४८: १० हेर, मैले तँलाई खारेको छु, तर चाँदीलाई जस्तो त होईन । मैले तँलाई कष्टको भट्टीमा जाँचेको छु ।

२ कोरिन्थी ४:१८ हामी दृश्य कुरालाई होईन, तर अदृश्य कुरालाई हेर्छौं, किनभने दृश्य कुरा क्षणिक हुन्छन्, तर अदृश्य कुराचाहिँ अनन्तसम्म रहन्छन् ।

# तपाईको भोलीलाई तपाईले कहिल्यै परिवर्तन गर्न सक्नुहुन्न जबसम्म तपाईको आजलाई तपाईले परिवर्तन गर्न सक्नुहुन्न

कसैले पनि आज भनी नामाकरण नगरिएको कुनै दिनमा केही गर्दैन । आजको दिन मात्र तपाईसित छ र भोली कहिल्यै आउँदैन । यस्तो भनिएको छ कि मूर्खताको परिभाषा भनेको एउटै कामलाई बाराम्बार गर्ने अनि त्यसको परिणाम भने फरक अपेक्षा गर्ने हो । यदि हाम्रो भविष्य हाम्रो विगत भन्दा केही फरक भएको हामी अपेक्षा गर्दछौं भने, हामीसित भएको आजको मौकाको सदुपयोग गर्दै, हाम्रो भविष्यलाई सुनिश्चित गर्न आवश्यक निर्णयहरु गर्नुपर्दछ अनि हामीले कहाँ सुधार गर्नुपर्छ भनी हामीलाई थाहा भएको क्षेत्रमा सुधार गर्नुपर्दछ ।

अहिल्यै नै आफूलाई जाँच्नुहोस्...यो भन्दा उत्तम अरु समय त्यहाँ छैन... पहिलो कदम चाल्न आफैलाई चूनौती दिनुहोस् अनि तपाईको जीवनको लागि परमेश्वरबाटको उत्तमताको लागि तपाईको भविष्यलाई परिवर्तन गर्नुहोस् । हामी बद्लिएको परमेश्वर चाहानुहुन्छ । हामी उहाँको वचनलाई दैनिक रुपमा लागू गर्दै वृद्धि भएको उहाँ हामीबाट अपेक्षा गर्नुहुन्छ । उहाँलाई थाहा छ कि हामीले आज जे परिवर्तन गर्दछौं त्यसले हाम्रो भविष्य परिवर्तन गर्नेछ । परिवर्तन हुनुहोस् !

## आजको प्रार्थना

पिता, आज नै परिवर्तन हुनु पर्ने मेरा कुराहरुमाथि तपाईको ज्योति चम्काउन चाहिने सामर्थ्यको चरित्र मलाई दिनुहोस् । मैले महशुस गरे कि मेरो एउटा असल भविष्य हुनबाट रोकिरहने अरु केही नभई म आफै हूँ । आजबाट नै परिवर्तन हुन ममाथि अनुग्रह गरिदिनुहोस् ।

## आजको बाईबल खण्ड

रोमी १२:२ यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रुपमा परिवर्तन होओ, र परमेश्वरको असल ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरुले जाँच्न सक ।

२ कोरिन्थी ६:२ किनभने उहाँ भन्नुहुन्छ, “ग्रहणयोग्य समयमा मैले तिम्रो पुकारा सुनें, र मुक्तिको दिनमा मैले तिमीहरुलाई सहायता गरे ।” हेर, ग्रहणयोग्य समय अहिले हो, मुक्तिको दिन अहिले नै हो ।

## पुकाराले तपाईको मिश्रबाट तपाईलाई छुट्कारा मिल्नेछ, तर प्रतिज्ञाको देशमा जान भने विश्वासयोग्यताको आवश्यकता पर्दछ

मिश्रीहरुबाट छुट्कारा पाउनका लागि इस्राएलीहरुले परमेश्वरलाई पुकारेको जस्तै गरी, आज नै हाम्रो जीवनमा दुःख दिइरहेको कुराहरुका लागि पुकारा गरौं । हाम्रा केही लत हुन सक्दछन्, आर्थिक समस्या हुन सक्दछ, नोकरीको आवश्यकता हुनसक्दछ, विवाहमा राम्रो सम्बन्ध कायम राख्न चाहान्छौं वा अरु कुराहरु जसले हामीलाई बन्धनमा पारेको छ त्यससित छुट्कारा पाउन चाहान्छौं

हामी सबैसित व्यक्तिगत रुपमा परमेश्वरसितको पुकाराको अनुभवहरु छन् र उहाँ हामीकहाँ आउनुभएर अनि हामीलाई छुट्कारा दिनुभएको अनुभव पनि छ । तैपनि, हामी परमेश्वरको सबै प्रतिज्ञाहरु अधिकार गर्ने अपेक्षा गर्दछौं भने, जब हाम्रो वर्तमानको संकष्ट समाप्त हुन्छ तब परमेश्वरलाई विर्सने परिक्षामा पर्नु हुँदैन । हामीलाई छुट्कारा दिने परमेश्वरको त्यही हातले हामीलाई सुरक्षित गर्नुहुनेछ अनि दुध र मह बग्ने देशमा अगुवाई गर्नुहुनेछ तर त्यसलाई अधिकार गर्न भने विश्वासयोग्यताको आवश्यकता पर्दछ ।

आजको प्रार्थना

प्रिय प्रभु, अधिकार गर्ने व्यक्तिसित हुनु पर्ने विश्वासयोग्यताको हृदय मलाई दिनुहोस् । जब मेरो वर्तमान आवश्यकता पुरा हुँदछ, म मेरो पूर्व मार्गमा जानलाई परिक्षित हुनसक्दछु वा तपाईको बारेमा आत्मसन्तुष्ट हुन सक्दछु, तपाईको पवित्रआत्माद्वारा मलाई कायल गर्नुहोस् अनि विश्वासयोग्यतामा निरन्तर रहिरहन अनुग्रह गर्नुहोस् ताकि मेरो निम्ति तपाईले दिनुहुने प्रतिज्ञाको देशलाई म गुमाउन नसकूँ ।

आजको बाईबल खण्ड

प्रस्थान ३:७-८ तब परमप्रभुले भन्नुभयो, "मिश्रमा भएका मेरा प्रजाको दुःख मैले देखेको छु, र कामदारहरुको अत्याचारमा तिनीहरुले पुकारा गरेको मैले सुनेको छु । तिनीहरुको दुःख मलाई थाहा छ । यसैले तिनीहरुलाई मिश्रीहरुका हातबाट छुट्कारा दिएर त्यस देशबाट एक असल र ठूलो देश, अर्थात् दुध र मह बग्ने देशमा...ल्याउनलाई म ओर्लिएको छु ।

गलाती ५:२२ तर पवित्रआत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति धैर्य, दया, भलाई, विश्वास्तता...हुन् ।

## साधारण कुराहरु नै हुन् जसले तपाईलाई एउटा असाधारण कुरा गर्नका लागि तयार र योग्य बनाउँदछ। तपाईको साधारण कुरामा महान बन्नुहोस्...

के तपाईको जीवन कहिल्यै मामुली र दैनिकीभए जस्तो देखिएको छ ? के तपाईले कहिल्यै तपाईको एकनासे दिनलाई टुक्राउने केही अप्रत्यासित कुरा घटोस् भनी इच्छा गर्नुभएको छ ? यी भावनाहरु आउनु हरेकमा सामान्य हुन्, तर सत्य-तथ्य चाहिँ यही हो कि यस्ता धेरै साधारण दिनहरु जीवनमा हामीहरुले बिताउनेछौं । जेहोस्, तिनीहरु व्यर्थको भने हुने छैनन् । तिनीहरु हाम्रो चरित्रलाई जाँच्न, आकार दिन र ठोस बनाउनका लागि हुन् ।

साँचो महानता, एउटा चहकिलो क्षणले वर्णन गर्दैन; यो जीवनभरिको निरन्तरको व्यवहारले निर्धारण गर्दछ । जब हामी आफैलाई विश्वासयोग्य देखाउँछौं र हाम्रो साधारण क्षणहरुलाई अनुशासित गर्दछौं, हामी असाधारणहरुलाई सम्भाल्न सक्ने योग्यको हुनेछौं । तपाईको साधारण क्षणमा महान बन्नुहोस् !

### आजको प्रार्थना

परमेश्वर, मेरो साधारण दिनहरु जुन मलाई मेरो असाधरण क्षणहरुका निम्ति अगाडि धकेल्नका लागि बनाउनुभएकोमा म तपाईलाई धन्यवाद दिँदछु । जीवनको असाधरण क्षणहरुमा विश्वासयोग्य प्रमाणित हुने अपेक्षा गर्दै मेरो कर्तव्यहरुलाई पुरा गर्दै आजका दिनमा म विश्वासयोग्य भएको कुरा प्रमाणित गर्दछु ।

### आजको बाईबल खण्ड

यशैया ४०:३१ तर परमप्रभुको आशा गर्नेहरुको बल फेरि नयाँ हुनेछ । तिनीहरु गरुडझैं माथि-माथि उड्नेछन्, र दगुरेर पनि तिनीहरु थाक्नेछैनन् । तिनीहरु हिँड्नेछन् तापनि मुर्च्छा पर्नेछैनन् ।

प्रेरित १९:११ परमेश्वरले पावलको हातबाट असाधरण आश्चार्य कामहरु गर्नुभयो ।

# स्वीकार गर्नुहोस्, छोडिदिनुहोस्, विर्सनुहोस्

परमेश्वरले हामीलाई अति सुन्दर उपहार दिनुभएको छ र त्यो उपहार भनेको हाम्रो इच्छा हो । हामीले या त परमेश्वरको सेवा गर्न अथवा आफ्नै सेवा गर्न इच्छा गर्न सक्दछौं । आफैंलाई सेवा गर्दा कुनै एक निश्चित विनाशको मार्गमा हामी पर्दछौं तर त्यो गन्तव्यलाई हामी जीवनको अर्को दिशा तर्फ जान सक्ने इच्छा गरेर जुनसुकै समयमा पनि परिवर्तन गर्न सक्दछौं ।

हामी सही दिशातिर कसरी बढ्न सुरु गर्न सक्छौं ? पहिलो, परमेश्वरसित हाम्रो पाप स्वीकार गर्नुपर्दछ । स्वीकृति अति नै महत्वपूर्ण छ किनभने यसका साथ दायित्व र परिर्वतको बोध दुवै आउँछन् । दोस्रो, हामीले पाप कार्य गर्न छोड्नु पर्दछ । यो दोस्रो हाम्रो रोजाईंले हामीलाई सही दिशातर्फ बढ्न सहायता गर्दछ । त्यसपछि आत्माग्लानीबाट स्वतन्त्र रही जिउन हामीले गरेका पाप कार्यहरुलाई विर्सनु पर्दछ । यसलाई स्वीकार गर्नुहोस्, गर्न छाडिदिनुहोस् अनि विर्सनुहोस्; यी तीन कदमहरु जीवनमा अगि बढ्न जरुरी हुन्छन् ।

## आजको प्रार्थना

पिता आजै मेरा पापहरु तपाईसमक्ष स्वीकार गर्दछु । मलाई क्षमा गर्नुहोस् अनि त्यो गर्न छाड्न र कहिल्यै पछाडि फर्केर नहेर्न मलाई शक्ति दिनुहोस् र त्यसपछि, येशूको रगतले मेरो पाप हटाईदिनुभएको छ, र यसलाई विर्सन सक्षम बनाउनुभएको छ भनी तपाईको प्रेममा रहिरहन सहायता गर्नुहोस् ।

## आजको बाईबल खण्ड

१ यूहन्ना १:९ यदि हामीले आफ्ना पापहरु स्वीकार गऱ्यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अर्धमबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ ।

भजनसंग्रह ५१:१० हे परमेश्वर, ममा शुद्ध हृदय सृजनुहोस्, र मभित्र एउटा स्थिर आत्मा पुनजीवित पार्नुहोस् ।

# उत्पादनशिलतासित कार्य समान हुँदैन

यदि मानवजातिको इतिहासको कुनै एक समयमा प्रचलित शब्द "व्यस्तता" कहिल्यै अस्तित्वमा थियो भने, त्यो वर्तमान समयमा नै हो । प्रत्येकजना व्यस्त छन्, अनि हाम्रो भुत्रो र मागपूर्ण तालिकालाई विरलै मान्यता दिँदै, हामी प्राय एउटा कामबाट अर्को कामतिर लम्कन्छौं । जेहोस्, व्यस्तता सधैं उत्पादनशिलतासित समान हुँदैन । आजको मागपूर्ण र व्यस्त गतिको समयकालमा, तपाई के गर्दै हुनुहुन्छ, किन गर्दै हुनुहुन्छ अनि कसका लागि तपाई गर्दै हुनुहुन्छ भन्ने कुरालाई विचार गर्नुहोस् । तपाईले केही अनावश्यक समर्पणहरु पत्ता लगानुहुनेछ जसले कुनै मूल्य नभएको परिणामको लागि ठूलो शक्तिलाई खपत गरेको हुन्छ । तपाईको जीवनलाई प्राथमिकताको आधारमा बाँड्नुहोस् । पहिलो कुरालाई पहिलो महत्व दिनुहोस् । तपाईले तब जीवन अरु बढी सुमधरतासित कुदेको अनि तपाईले गर्नुभएको समयको खर्च सार्थक भएको पाउनुहुनेछ ।

## आजको प्रार्थना

परमेश्वर, मेरो जीवनलाई ईमानदारितापूर्वक नियाल्न अनि त्यी कुराहरुलाई पहिचान गर्न जुन अति महत्वका छन्, त्यसका लागि चाहिने ज्ञान दिनुहोस् । यी कुराहरु तिनीहरुलाई आवश्यक र चाहिने महत्वको स्थानमा उठाउन मलाई सहायता गर्नुहोस् । अर्को, यी कुराहरु मेरो जीवनको केन्द्रिविन्दुमा राखिराख्नको लागि समर्पित हुने शक्ति दिनुहोस् । मेरो जीवनको अन्त्यतिर, मेरो जीवनको वर्षहरुतिर फर्केर हेर्नको योग्य म हुन चाहान्छु अनि आत्मा विश्वासका साथ मैले भिन्नता ल्याएको छु भनी भन्न चाहान्छु किनभने मैले जीवनले दिने अति महत्वपूर्ण कुराहरुमाथि ध्यान केन्द्रित गरेको छु ।

## आजको बाईबल खण्ड

मत्ति ६:३३ तर पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर, र यी सबै थोक तिमीहरुका निम्ति थपिनेछन् ।

एफिसी ५:१५-१७ यसैले कसरी हिँड्छौ ध्यानसँग हेर-निर्बुद्धि मानिसजस्तो होइन, तर बुद्धिमानजस्तो । समयको पूरा सदुपयोग गर, किनकि दिन खराब छ । यसैकारण मूर्ख नहोओ, तर प्रभुको इच्छा के छ, सो बुझ ।

# निमार्ण गर्दै गरेको समयको मध्य समयमा तपाई सही हुन सक्नुहुन्छ

जब दाऊदले परमेश्वरको वासस्थानको लागि एउटा भवन बनाउने निर्णय गरे, अगमवक्ता नातानद्वारा भएर परमेश्वरले उनलाई हप्काउनुभयो । परमेश्वरले दाऊदलाई यो याद दिलाउनुभयो कि उनी जब एउटा सानो बालक थिए र भेड़ा गोठाला थिए, जीवनको एउटा धमिलो समय जब दाऊद केही पनि थिएनन् र परमेश्वरलाई चढ़ाउने पनि उससित केही थिएन । अगमवक्ताले दाऊदलाई अझ अगाडि भने कि परमेश्वरले कुनै भवन बनाउनका लागि नभनिकन नै उनले परमेश्वरको निम्ति एउटा भवन बनाउन सक्छु भनी अनुमान लगाउनु धृष्टता हो । अन्तमा परमेश्वरले दाऊदलाई भन्नुभयो कि, “मैले तँलाई लिए र बनाए...”

यो कथाले दाऊदलाई इस्राएलको राजा बनाउनुको कारण प्रकट गर्दछ । उनलाई राजा बनाईयो किनभने परमेश्वरले उनलाई लिनुभयो अनि उनलाई राजा बनाउनुभयो । उहाँले उनलाई लिएर एउटा राज्य दिनुभएन । दाऊदले वर्षौंसम्म निमार्ण कार्यमा समय व्यतित गरे, र हामी पनि प्राय त्यस्तै गर्दछौं । हुन सक्छ तपाईको आज निमार्ण गर्ने कार्यमा तपाई मध्य समयमा हुनुहुन्छ । उत्कृष्ट कुमालेको हातको जुनसुकै रुपमा पनि ढाल्न सकिने माटो हुनुहोस् र तपाईको जीवनलाई उहाँको निमार्णमा पूर्ण लगाउनुहोस् । उहाँसित तपाईको लागि एउटा योजना छ !

## आजको प्रार्थना

पिता, जीवनको आपद्-विपद्द्वारा आएका चूनौतीबाट म जाँचिदाको समयहरुमा मेरो ध्यान तपाईमा केन्द्रित गर्नका लागि म इच्छा गर्दछु । म विश्वास गर्दछु कि तपाईको हात मेरो जीवनमाथि छ अनि तपाईको ती गुणहरु ममा निमार्ण गर्दै हुनुहुन्छ जसले म खीष्ट जस्तै भएको खीष्टियन हुने अधिकार मलाई दिन्छ । म मेरो दौड़को क्षेत्रभित्र रहनेछु र मेरो दौड़लाई पूरा गर्नेछु । जब आफैलाई म दवावको क्षणहरुको मध्यमा पाउँछु, म तपाईसित सहाकार्य गर्नेछु र तपाईको रुपमा ढाल्नलाई म दिँदछु । मलाई अरु बढी तपाईजस्तै बनाउनुहोस् ।

## आजको बाईबल खण्ड

२ शमूएल ७:८ यसैले मेरो दास दाऊदलाई भन् “सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ : मैले तँलाई मेरो प्रजा इस्राएलको गोठालो हुनलाई खर्कबाट र भेड़ाहरुका पछि-पछि लाग्नबाट बोलाएँ ।

## धेरैजना प्रयोग हुनलाई इच्छुक भएतापनि प्रयोग हुनका लागि हुने तयारी गर्न भने अनइच्छुक छन्

तपाई कस्तो डाक्टर, खगौलविद्, वैज्ञानिक वा प्रख्यात धावक हुन चाहानुहुन्छ ? सम्भवतः तपाई यी व्यक्तिहरु हुन सक्नुहुन्छ र तपाई यी व्यक्तिहरु हुनु पर्ने पनि हुनसक्दछ । तैपनि, यदि तपाईले ती हुनका लागि चाहिने तयारी गर्नुभएन भने, तपाई ती व्यक्तिहरु बन्न सक्नुहुन्न । जीवनको प्राय हरेक क्षेत्रहरुमा हामीले कुनै ठूलो उद्देश्यको लागि प्रयोग हुन इच्छुक व्यक्तिहरु भेट्टाउने छौं, यसका बावजुद, अल्प संख्याका मानिसहरु मात्र त्यस महान उपयोगमा पूर्णरुपमा आफैलाई तयार पार्न आवश्यक समय, स्रोत तथा साधन र शक्ति खर्च गर्न इच्छुक हुन्छन् । यसले बाईबलको त्यो भनाईलाई प्रष्टाउँछ जुनले धेरैलाई बोलाईएको छ तर थोरै मात्र चुनिएका छन् भन्ने भनाई हामीलाई भन्दछ ।

बोलाईएका र छानिएका बीचको भिन्नता अरु केही नभई साधारणतः तयारी नै हुनसक्दछ । हामीले एउटा दिमागको शल्यचिकित्सक जससित तालिम, तैयारी, ज्ञान, अनुभव छैन, त्यसद्वारा हामी वा हाम्रो नानीलाई शल्यक्रिया गर्न दिन सक्दैनौं भने, हामी जो आत्माको अनन्तताको काममा छौं, परमेश्वरबाट प्रयोग गरिनलाई तयार भएतापनि, धेरैचोटी, प्रयोग हुनलाई आवश्यक समय, स्रोत-साधन अनि शक्ति खर्चनलाई भने अनइच्छुक हुन्छौं । आजै निर्णय गर्नुहोस् कि तपाई परमेरबाट बोलाईएको व्यक्ति भन्दा बढी हुन जाँदै हुनुहुन्छ...त्यसको लागि समर्पित हुनुहोस् अनि यो तयारीको समयलाई लगानी गर्नुहोस् ताकि तपाई महान तरिकाले प्रयोगमा आउनुभएको होस् ।

### आजको प्रार्थना

परमेश्वर, जीवनको लागि तयारी हुने बोलावटलाई स्वागत गर्दछु जुन परमेश्वर, जसै म तपाईद्वारा प्रयोग हुने उत्तेजनालाई खुशीपूर्वक अङ्गाल्दै जीवनको उद्देश्यको लागि तयारीको निम्ति भएको बोलावटलाई सहर्ष स्वागत गर्न मलाई मद्दत गर्नुहोस् । तपाईको उद्देश्यको लागि भएको मेरो बोलावटको तयारीमा लाग्न म सहर्ष समर्पित हुँदछु । तपाईको वचन र योजना अनुसार मेरो जीवनमा दिनुभएको काममा म पोख्त हुनका लागि अरुहरुलाई मेरो निम्ति प्रयोग गर्नुहोस् ।

### आजको बाईबल खण्ड

एफिसी ४:११-१३ अनि उहाँका वरदानहरु चाहिँ यी नै थिए, कि कोही प्रेरितहरु, कोही अगमवक्ताहरु, कोही प्रचारकहरु, कोही मण्डलीका पास्टरहरु र कोही शिक्षकहरु बनून् कि खीष्टको शरीर निमार्ण होस् र सेवाको काम गर्न सन्तहरु सुसज्जित होऊन्, जबसम्म हामी सबैले विश्वासको र परमेश्वरको पुत्रको ज्ञानको एकता प्राप्त गर्दैनौं; र परिपक्व मानिस बनी खीष्टका पूर्णताको नापसम्म पुग्दैनौं ।

## एघारौं आज्ञा "तैंले पसिना नबगाउनु" भन्ने हो

धेरैजसो चिन्ताले हाम्रो जीवनलाई जसरी समुद्रको किनारामा बालुवाले बनाइएको महललाई समुद्रको लहरले भत्काएर लग्दछ, त्यस्तै गर्दछ । आंशकापूर्ण डर, संभावना अनि, "यदि मऱ्यो भने के गर्ने" जस्ता कुराहरु त्यस्तो केही नघटेको नदेखेसम्म हाम्रो मनमा आइरहन्छ । तर पावलले भने तिमोथीलाई परमेश्वरले तिमीलाई डरको आत्मा दिनुभएको छैन भनी उनलाई हप्काउँछन् । अनि बरु, पावलले तिमोथीलाई उत्साहित गर्दछन् कि परमेश्वरले प्रत्येक विश्वासीलाई, शक्तिको आत्मा, प्रेम र बुद्धि दिनुभएको छ । त्यसैले, स्वतःआउने तपाईको चिन्तालाई सामना गर्दा, त्यो प्रभुलाई दिनुहोस्...जति चोटी त्यो आउँछ, त्यति चोटी नै । उहाँले तपाईको जीवनको आधिँहरु र संघर्षहरुमा सहायता गर्नुहुनेछ ।

### आजको प्रार्थना

स्वर्गिय पिता, आज नै यस जीवनको कुराहरु जसले मलाई चिन्ता दिन्छ, त्यसमा होइन तर, माथिका कुराहरुमा मन लगाउनका लागि म इच्छा गर्दछु । मलाई थाहा छ कि मलाई शक्ति दिनुहुने खीष्टद्वारा सबै गर्न सक्दछु र म एक विजयी हुँ । मैले सामना गर्ने समस्याहरुले मलाई पराजित पार्ने छैन । मेरो समस्याहरुलाई परमेश्वरको वचनद्वारा अभिभूत गर्नेछु । विश्वास र धैर्यद्वारा, म तपाईले गर्नुभएको प्रतिज्ञाहरुलाई अधिकार गर्नेछु ।

### आजको बाईबल खण्ड

२ तिमोथी १:७ किनभने परमेश्वरले हामीलाई डरको आत्मा होइन, तर शक्ति, प्रेम र आत्मसंयमको आत्मा दिनुभएको छ ।

१ यूहन्ना ४:१८ प्रेममा डर हुँदैन, तर सिद्ध प्रेमले डरलाई हटाउँछ । किनकि डरको सम्बन्ध त दण्डसँग हुन्छ, अनि जो डराउँछ प्रेममा त्यो सिद्ध भएको हुँदैन ।

फिलिप्पी ४:६-७ कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्वारा धन्यवादसहित तिमीहरुका बिन्ति परमेश्वरमा जाहेर होऊन्, र समझले नै भियाउन नसकिने परमेश्वरको शान्तिले तिमीहरुका हृदय र तिमीहरुका मनलाई येशूमा रक्षा गर्नेछ ।

# स्वाथ्य हुन हरेकलाई सन्तुलित भोजनको, व्यायामको, पर्याप्त आरामको अनि राम्रो निष्कासनको आवश्यकता हुन्छ

के मैले अरु बढी व्याख्या गर्नुपर्छ र ? ल हुन्छ, तैपनि, म व्याख्या गर्ने छु। सन्तुलन, जीवनको साँचो हो। यी कुराहरु मध्ये एक वा दुई भन्दा बढी नहुँदा तपाईले त्यसको परिणामहरु अनुभव गर्न सुरु गर्नुहुनेछ। परमेश्वरले हामीलाई त्यो आत्मा बनाउनुभएको छ जससित प्राण छ र जुन शरीरमा बस्दछ, अनि यी प्रत्येकले सबै भन्दा राम्रो परिणामहरुका लागि राम्रोसँग व्यवस्थित हुनुपर्दछ। त्यसकारण; शरीर, प्राण र आत्मालाई सर्वोत्तम स्वस्थ्य प्राप्तिको लागि उचित हेरचाहको आवश्यकता हुन्छ। अनि जानिराख्नुहोस् कि यसको अर्थ राम्रो पोषण खानु मात्र होइन। तर ती पर्दाथहरुको जुन लिइयो भने अस्वस्थ हुन्छ भनी प्रमाणित ; शरीर, प्राण र आत्मालाई सर्वोत्तम स्वस्थ्य प्राप्तिको लागि उचित हेरचाहको आवश्यकता हुन्छ। अनि जानिराख्नुहोस् कि यसको अर्थ राम्रो पोषण खानु मात्र होइन। तर ती पर्दाथहरुको जुन लिइयो भने अस्वस्थ हुन्छ भनी प्रमाणित छ ती पदार्थहरुको आवश्यक निष्कासन पनि हो। त्यसैले, निसंकोच निरन्तर रुपमा तपाईले हरेक कुरा जुन परमेश्वरको इच्छा, उहाँको मार्ग र वचन विपरित छन्, त्यसलाई तपाईको प्राण अनि आत्मामा जाँच गर्नुपर्दछ र फ्याँक्नु पर्दछ। तपाईले अझ राम्रो र स्वस्थ भएको अनुभव गर्नुहुनेछ, जुन उहाँले प्रतिज्ञा गर्नुभएको पनि छ।

## आजको प्रार्थना

परमेश्वर, मेरो जीवनको कुराहरु जुनले पवित्रआत्माको मन्दिरको स्वस्थ्यतालाई चूनौती दिँदछ, ती कुराहरुको सामना गर्न मलाई सहायता गर्नुहोस्। ती कुराहरु जुनले मेरो प्राण र आत्मालाई दुःख दिँदछ त्यसलाई पहिचान गर्ने बुद्धि दिनुहोस् अनि तीबाट छुट्कारा दिनुहोस्। हे परमेश्वर, मेरो हृदयलाई छुट्कारा दिनुहोस् र मबाट भएर तपाई चम्कन सक्ने एउटा सफा भाँडो मलाई बनाउनुहोस्।

## आजको बाईबल खण्ड

याकूब १:२१ यसकारण सबै फोहर कुरा र समस्त दुष्टतालाई हटाओ, र तिमीहरुका हृदयमा रोपिराखेको वचन नम्रतापूर्वक धारण गर, जसले तिमीहका प्राणलाई उद्धारा गर्नसक्छ।

एफिसी ४:२२-२४ छली लालसाद्वारा भ्रष्ट भएका तिमीहरुको अगाड़िको जीवनको ढाँचासँग सम्बन्धित तिमीहरुको पूरानो स्वभाव त्याग अनि आफ्नो भित्री वर्तावमा नयाँ होओ, र परमेश्वरको स्वरुपमा साँचो धामिर्कता र पवित्रतामा सृष्टि भएको नयाँ स्वभावलाई धारण गर।

# मानिसहरुलाई सफल हुनका लागि जति स्थान दिनुहुन्छ, असफल हुन पनि त्यति नै स्थान दिनुहोस्

बाईबलले येशूलाई, परमेश्वर र मानिस दुवैको छोराको रुपमा चित्रित गर्दछ। येशूको मानविय स्वभावले उनी हुर्कदै गर्दा र सेवकाईमा शिक्षा र अनुभवको उहाँलाई आवश्यकता पऱ्यो। उहाँ हरेक तवरबाट जाँचिनु मात्र भएन, निष्खोत भएर पनि उहाँले भोग्नुभएको दुःखबाट उहाँले आज्ञाकारिता पनि सिक्नुभयो। अगमवक्ता यशैयाले घोषणा गर्दछन् कि मसिह यानिकी खीष्टले जीवनको गुलियो र तितो पक्ष दुवै चाख्नुहुनेछ ताकि जब उहाँको समय आउँछ तब कसरी आफ्नो लागि निर्णयहरु गर्ने भनी उहाँलाई थाहा होस्।

परमेश्वरले सही मायनामा आफ्नो पुत्र येशूलाई दिनुभयो र उहाँलाई जति सफल हुने स्थान दिनुभयो त्यति नै असफल हुनका लागि पनि स्थान दिनुभयो। येशूले दशौं हजारको संख्यामा रहेको स्वर्गदुतहरुलाई उहाँका निम्ति लड्न र क्रुसको मृत्युबाट जोगिनको निम्ति बोलाउन सक्नुहुन्थ्यो, तर उहाँले त्यसो गर्न इच्छा गर्नुभएन। उहाँको त्यो इच्छा सही थियो। त्यी जसलाई हामी चेला बनाउँदछौं, तिनीहरुको तयारीको समयभन्दा पनि पर गएर तिनीहरुलाई खड़ा गर्दैछौं, तिनीहरुलाई सुक्ष्मरुपमा व्यवस्थापन गर्ने कामलाई बोझको रुपमा महशुस गर्नुहुन्न। अर्को लक्षित विन्दुमा दौड़ने धावकहरुलाई खड़ा गरिरहेको सययको कुनै विन्दुमा, हामीले अरुहरुलाई पनि हाम्रो पहुँच भन्दा पर जान दिनुपर्दछ।

## आजको प्रार्थना

पिता, म प्रार्थना गर्दछु कि तपाईले अरुहरुमाथि भरोसा गर्नुभए जस्तै म पनि तिनीहरुमाथि भरोसा गर्न र तपाईसितको प्रत्यक्ष सम्बन्धमा जस-जसलाई मेरो सेवाको अधिनमा दिनुभएको छ तिनीहरुको जिम्मेवारीहरुमा काँधमा काँध मिलाउन मलाई बुद्धि र अनुग्रह दिनुहोस्। यो तपाईको राज्य हो अनि हामी सबैजना तपाईको दासहरु हौं। हामी सबैलाई येशूको नाउँमा सही कुरा रोज्न सहायता गर्नुहोस्।

## आजको बाईबल खण्ड

यशैया ७:१५ खराबलाई इन्कार गर्न र असललाई छान्न जानेपछि उहाँले दही र मह खानुहुनेछ।

हिब्रु ५:८ उहाँ पुत्र हुनुहुन्थ्यो, तापनि आफूले भोग्नुभएको कष्टद्वारा उहाँले आज्ञापालन गर्न सिक्नुभयो।

हिब्रु ४:१५ किनकि हाम्रा प्रधान पूजाहारी हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न। तर हामीजस्तै उहाँ सबै कुरामा परिक्षित हुनुभयो, र पनि पापरहित हुनुहुन्थ्यो।

## मण्डली वृद्धि, मण्डलीको दर्शन नभई तर त्यस दर्शनको परिणाम हुनुपर्दछ

“परमेश्वरको राज्यको लागि आत्माहरु” हरेक विश्वासीको लक्ष्य हुनुपर्दछ भने, मण्डलीको लक्ष्य त्यो भन्दा कति ठूलो हुनुपर्दछ ? आत्माहरुको संख्या महत्वपूर्ण छन् । तथापि, जब हामी गणना गर्न सुरु गर्दछौं, परिणामलाई सूचिगत गर्न प्रायः येशूबाट हाम्रा नजरलाई हटाउदँछौं र धेरै पटक यो हाम्रो आफ्नै सम्पादनको लागि हुँदछ । हामीले मण्डली वृद्धि भन्दा परमेश्वरको राज्य विस्तार माथि हाम्रो ध्यान केन्द्रित गर्नुपर्द; यो कुरा याद राख्दै कि परमेश्वरको इच्छा पूरा गर्न तपाईको मण्डलीले मूल्य चुकाउनु पर्नेछ । नतिजाहरु, पानीमाथि पत्रुसको हिँडाईको अनुभवसित समान छन् । जतिबेलासम्म उनले येशूमाथि भरोसा राखे अनि आफ्नो ध्यान उहाँमा लगाए, सबै कुरा ठीक-ठीक थियो । तर, जब उनले प्राकृतिक अवस्थाहरुलाई हेर्न लागे, उनको ध्यान परमेश्वरको राज्यको कामबाट संसारिक कामहरुमा परिवर्तन भयो । नतिजा चाहिँ, पानी माथि हिँड्ने मानिसको एउटा उत्तम प्रयास मात्र भयो ।

जब तपाईको जीवनको लागि परमेश्वरले तपाईलाई दिनुभएको दर्शन हेर्नुहुन्छ, याद राख्नुहोस् कि अवलोकनिय वृद्धि परमेश्वरबाटको वृद्धि भन्दा दोस्रो कुरा हो, अनि त्यसलाई भौतिक मन र आखाँबाट हेर्न असम्भव कहिलेकाही कठिन हुन्छ ।

### आजको प्रार्थना

परमेश्वर, मेरो आखाँलाई तपाईमा मेरो जीवनको लागि तपाईको सिद्धान्तहरुमा लगाउन सहायता गर्नुहोस् । विशेष गरी त्यसबेला जब म मेरो लागि के उत्तम छ सो मलाई थाहा छ भनी म सोच्दछु, हेराईबाट होइन तर विश्वासद्वारा हिँड्न बुद्धि दिनुहोस् । म तपाईमाथि भरोसा राख्न र क्षणिक संसारिक ईनाम भन्दा परमेश्वरको राज्य वृद्धिलाई महत्व दिनको लागि समर्पित हुँदछ । मेरो लागि तपाईको योजना अनि हाम्रो मण्डली असल भएकोले आज्ञाकारितामा हामी आशिष दिनुहोस् ।

### आजको बाईबल खण्ड

२ कोरिन्थी ५:७ किनकि हामी विश्वासद्वारा हिँड्छौं, देखिने कुराको आधारमा होईन ।

मत्ति १४:२८ पत्रुसले उहाँलाई भने, “हे प्रभु, तपाई नै हुनुहुन्छ भने, मलाई तपाई कहाँ पानीमाथि आउने आज्ञा दिनुहोस् ।”

हितोपदेश ११:३० धर्मात्माको फल जीवनको रुख हो, अनि जसले मानिसहरु उद्धारमा ल्याउँछ, त्यो बुद्धिमान हो ।

# परमेश्वरले तिनीहरुलाई कसरी अगुवाई गर्नुभयो भन्ने कसैको व्याख्यालाई, परमेश्वरले तपाईलाई कसरी अगुवाई गर्नुहुनेछ भन्ने सुझाव पत्रको रुपमा लिने गल्ती नगर्नुहोस्

एउटा पूरानो भनाईले भन्दछ, " परमेश्वरले रहस्यात्मक तरिकहरुबाट अगुवाई गर्नुहुन्छ ।" उहाँले बालामको अनाज्ञाकारितालाई रोक्न गधा मार्फत् बोल्नुभयो । उहाँले फिलिपलाई उनले गरिराखेको जागृतिको कामलाई छोड्ने अनि एकान्तको मरुभूमीमा जानको लागि आज्ञा दिनुभयो । उहाँले मृत्य बालकको शरीरमाथि एलिशालाई सुत्न अनि त्यस बालकलाई जिवित बनाउनका लागि आज्ञा गर्नुभयो । साथै, उहाँले एलिशालाई तितो पानी शुद्ध गरेर मिठो बनाउनका लागि पानीमा नून हाल्नका लागि पनि आज्ञा गर्नुभयो ।

तपाईले सायद एक व्यक्ति जसले परमेश्वरबाटको एउटा अपत्यार लाग्दो प्रेरणालाई पछ्याईराखेको मानिस जसले परमेश्वरबाट ठूलो आशिष र सफलता प्राप्त गरेको छ, त्यो व्यक्तिलाई चिन्नुहुन्न होला । तर तपाई अगाडि बढ्नु पूर्व मृत्युमाथि पसारिनुहोस् ताकि आफ्नै लागि र आफ्नो परिस्थितीका लागि परमेश्वरबाट आफ्नो लागि शब्द प्राप्त गर्नुहोस् । यी परमेश्वरले हस्तक्षेप गर्नुभएको घटनाहरु ती व्यक्तिहरुका विशेष परिस्थितीहरु र अवस्थाहरुका लागि निर्दिष्ठ थियो, तर तपाईको लागि भने, त्यो अरु व्यक्तिहरुको जीवनमा परमेश्वरले गर्नुभएको विशेष अगुवाई मात्र हुन् । यी परमेश्वरका मानिसहरु जस्तै, तपाईको परिस्थिती र आवश्यकताको लागि उहाँलाई खोज्नुहोस् । तपाईको परिस्थितीका लागि उहाँबाटको निर्देशन दिइएको कुरालाई भने खोज्नुहोस् । यसले ठ्याक्कै तपाईको आवश्यकता पूरा गर्नेछ र डाक्टरले भने बमोजिम हुनेछ ।

## आजको प्रार्थना

पिता, मेरा आत्मिक अग्रजहरुले अभ्यास गरेका सहास र अद्भूत विश्वास म देख्न सक्दछु अनि, म उहाँहरु प्रति आभारी छु । म उहाँहरुको स्राहना गर्दछु र मेरो जीवनमा पनि त्यही विश्वास अनि सहासलाई अधिकार गर्न चाहान्छु । मेरो जीवनको लागि तपाईको योजनालाई सुनेर त्यही भक्ति र आज्ञाकारितालाई पत्ता लगाउन मलाई सहायता गर्नुहोस् । तपाईको आत्माद्वारा र वचनद्वारा मसित तपाई बोल्नुहोस् । मेरी जीवनको विशेष आवश्यकताहरुका लागि तपाईबाटको निर्दिष्ट सुझाव मलाई दिनुहोस् ।

## आजको बाईबल खण्ड

हितोपदेश ३:५-७ आफ्नो सारा हृदयले परमेश्वरमा भरोसा राख् र तेरो आफ्नै समझशक्तिमा भर नपर् । आफ्ना सारा मार्गमा उहाँलाई सम्झी, र उहाँले तेरा मार्गहरु सोझा तुल्याईदिनुहुनेछ । आफ्नै नजरमा बुद्धिमान् नहोऊ, परमप्रभुका भय मान् र दुर्ष्कमलाई त्याग् ।

# अर्को चरणको विन्दुको लागि धावक खड़ा गर्नुहोस्

परमेश्वरले हामीबाट अरुहरु जसलाई हामी कहिल्यै भेट्नेछैनौं, ती मानिसहरुको जीवनमा छाप पार्ने उद्देश्यका साथ लगानी गरेको चाहानुहुन्छ । हामीले हाम्रा नानीहरुमा, हाम्रा मित्रहरुमा, हाम्रा प्रियहरुमा, अनि हाम्रा सहकर्मीहरुमा पैंसा खर्चने काम गर्दछौं । हामी केही हदसम्म वा कुनै तरिकाद्वारा आफैलाई तिनीहरुमा खन्याईदिन्छौं ताकि, तिनीहरुका भविष्यको लागि तिनीहरु राम्ररी तयार र शसक्त होऊन् । यो परमेश्वरको राज्य हो । पावलले तिमोथीलाई ती मानिसहरु जसले अरुहरुलाई सिकाउन सक्छन्, तिनीहरुलाई सिकाउन निर्देशन दिँदछन् ।

स्वर्गको राज्य धेरै धावकहरु भएको रिले दौड़ जस्तै हो, जोहरु आफ्नै पुस्तामा दौडदै छन् । पावलले जस्तै, हाम्रो वर्तमानको आवश्यकताहरु र रुचीहरु भन्दा पर पुग्ने एउटा दृश्य हामीसित हुनपर्दछ । भविष्यको लागि योजना बनाउनुहोस्, अनि त्यो मानिसहरुमा लगानी गरेर गर्नुहोस् । परमेश्वर तिनीहरुलाई मात्र कसैगरी स्र्वगमा लाने इच्छा गर्नुहुन्छ ।

## आजको प्रार्थना

स्वर्गिय पिता, कुनै अर्को व्यक्तिको जीवनमा लगानी गर्न आज मसित भएको अवसरको लागि तपाईलाई म धन्यवाद दिँदछु । अरुहरुलाई सकारत्मक प्रभाव पार्ने र आशिष दिने अवसरलाई नचूकाउन मलाई सहायता गर्नुहोस् । मेरो वचन र काममा वुद्धि दिनुहोस् ताकि म सदा एउटा असल उदाहरण बन्न सकूँ । मलाई ती व्यक्ति जसलाई तपाई मैले प्रशिक्षित गरको चाहानुहुन्छ, ती व्यक्तिलाई देख्न सक्ने आखाँ मलाई दिनुहोस् अनि मेरो आफ्नै आवश्यकताको परिधि भन्दा पर बाहिर जान मलाई सिकाउनुहोस् । परमेश्वर, तपाईलाई धन्यवाद होस् । आमेन ।

## आजको बाईबल खण्ड

२ तिमोथी २:२ धेरै जना साक्षीहरुका उपस्थितीमा तिमीले मबाट जे कुरा सुनेका छौं, ती अरुहरुलाई पनि सिकाउन सक्ने विश्वासयोग्य मानिसहरुलाई सुम्पिदेऊ ।

हितोपदेश २२:६ बालकलाई ऊ हिँडनुपर्ने बाटोमा तालीम देऊ, र वृद्धावस्थासम्म ऊ त्यसबाट तर्किएर जाँदैन ।

## मलाई पछ्याउने हरेक आशिष, मलाई प्रयोग गर्ने हुनुपर्दछ

कति चोटी तपाईले अरुहरुले यसो भनेको सुन्नुभएको छ वा आफैले भन्नुभएको छ, "प्रभु, मलाई आशिष दिनुहोस्" ? निश्चिय नै धेरैले भनेको सन्नुभएको छ र त्यो असल कारणले भन्दछन् । बाईबलले परमेश्वरबाटको आशिषको खोजी गर्नका लागि हामीलाई प्रेरणा दिँदछ । तैपनि, हामीले पाएको आशिष, हामीले आशिष पाउनको लागि गरेको विन्तिको अन्तिम नतिजा होइन भन्ने कुरालाई नर्बिसिऔं । यो एउटा सुरुवाट मात्र हो, एउटा माध्यम जसद्धारा परमेश्वरले अरुहरुलाई छुनुहुन्छ, ती जससित तपाई सर्म्पकमा आउनुहुन्छ । त्यसैले, परमेश्वरको आशिषको खोजी गर्न दृढ बन्नुहोस् । तर, उहाँबाट तपाईले प्राप्त गरिसक्नुभएपछि,
त्यो अर्को व्यक्तितिर फर्कनुहोस् र छुनुहोस् जसलाई यदि येशू शरीरमा भएको भए छुनु हुन्थ्यो । तब, परमेश्वरको आशिषले एउटा वास्तविक भिन्नता ल्याउँछ ।

### आजको प्रार्थना

पिता, आजै मेरो जीवनमा तपाईको आशिषको लागि म प्रार्थना गर्दछु मेरो जीवनको हरेक क्षेत्रहरु आर्थिक, भावानात्मक, आत्मिक, सम्बन्धनात्मक र शारिरीकमा तपाईको निगाह र भलाईले भर्नुहोस् । तर परमेवर तपाई त्यही नरोकिनुहोस् । एकपटक तपाईले मलाई भरिसक्नु भएपछि, तपाईको तर्फबाट अरुहरुका लागि एउटा आशिषको स्रोत हुन मलाई सहायता गर्नुहोस् । मलाई थाहा छ कि जुन मेरो हो त्यो वास्तवमा नै मेरो होइन । सबै कुरा तपाईको हुन् । त्यसैले, यसलाई मेरो परिवार, सहकर्मीहरु, छिमेकीहरु र परिचितहरुलाई सित्तैमा दिन मलाई उपयोग गर्नुहोस् । मलाई आशिष दिनुहोस् ताकि म अरुहरुका लागि एउटा आशिषको कारण हुन सकूँ ।

### आजको बाईबल खण्ड

व्यवस्था ८:१८ तर परमप्रभु तिमीहरुका परमेश्वरलाई सम्फ, किनकि उहाँले नै तिमीहरुलाई धन-सम्पत्ति प्राप्त गर्ने शक्ति दिनुहुन्छ । यसरी नै उहाँले तिमीहरुका पूर्खाहरुसित बाँध्नुभएको करार स्थिर गर्नुहुन्छ, जो आजसम्म छँदैछ ।

लूका १२:४८ 'ख' प्रत्येक जसलाई धेरै दिईएको छ, त्यसबाट धेरै मागिनेछ, र हरेक जसलाई धेरै सुम्पिएको छ, त्यसबाट अभ्र बढ़ी लिइनेछ ।

# परमेश्वर हाम्रो स्रोत हुनुहुन्छ–हामी उहाँका साधन हौं

तपाई कहाँबाट आउनुभयो, कसले तपाईलाई छुट्कार दियो, अनि त्यस महान उद्धारद्वारा तपाईले के गरेको उहाँ चाहानुहुन्छ भन्ने जस्ता कुराहरुलाई कहिल्यै नबिर्सनुहोस् । परमेश्वरले इस्राएलीहरुलाई वच्न नै नसकिने शत्रु, फारोबाट कसरी उहाँले छुट्उनु भयो अनि, कसरी चालिस वर्षसम्म उजाड़ स्थानमा तिनीहरुलाई जुटाउनुभयो, त्यो कुराहरु याद गर्न सचेत गर्नुभयो । उहाँले हामीलाई पनि हाम्रो मुक्तिादता को हुनुहुन्छ अनि, हामी किन बचाईएका छौं  सो याद गर्नलाई भन्नुहुन्छ । हाम्रो मुक्ति उहाँबाटको छुट्काराको अन्तिम नतिजा होइन । बरु, उहाँको इच्छा र उद्देश्य भनेको हामीले उहाँसित सेवा र सहकार्य गरेको हो । परमेश्वरले निस्कने मार्ग पनि दिनुहुन्छ । उहाँ हाम्रो स्रोत हुनुहुन्छ । अब, तपाईको प्रभुमा दाजुभाइ र दिदीबहिनीतिर फर्कन र सहास दिन तपाईबाट उहाँले अपेक्षा गर्नुहुन्छ । उहाँले तपाईको जीवनमा उहाँले दिनुभएको मानिसहरुको जीवनमा उहाँको राज्यको लागि एउटा स्रोत भएर पुग्ने मानिसको रुपमा सेवा गरेको र एउटा भिन्नता ल्याएको उहाँ चाहानुहुन्छ ।

## आजको प्रार्थना

परमेश्वर, मेरो जीवनभरिमा मेरो सर्म्पकमा आउने व्यक्तिहरुको जीवनमा म एउटा प्रभाव पार्न चाहान्छु । मैले भेट्ने आजका मानिसहरुको जीवनलाई छुन चाहिने बुद्धि, सहास र क्षमताको लागि तपाईमा आउन मलाई सहायता गर्नुहोस् । म तपाईको साधन हुन चाहान्छु र अरुहरुको निम्ति आशिष हुने मौकामा उपलब्ध हुन चाहान्छु ।

## आजको बाईबल खण्ड

व्यवस्था २४:१७-१८ परदेशी र टुहुरा-टुहुरीको न्याय दमन नगर । कुनै विधवाको ओढ्ने धितोमा नलेओ । तिमीहरु मिश्रमा कमारा हुँदा परमप्रभु परमेश्वरले तिमीहरुलाई मुक्त गर्नुभएको कुरो सम्झना राख । यकारणले मैले तिमीहरुलाई यो गर्न आज्ञा दिएको हुँ ।

उत्पत्ति १२:२ “म तँबाट एउटा ठूलो जाति खड़ा गर्नेछु, र तँलाई आशिष दिनेछु । म तेरो नाउँ प्रसिद्ध गराउनेछु, र तँ आशिषको मूल हुनेछस् ।

# सानो-तिनो समस्याहरु भनेका ती हुन् जुनले तपाईलाई प्रभावित मात्र पार्दछ

यदि तपाई मात्र त्यो व्यक्ति हुनुहुन्छ जो वास्तविक रुपमा नै प्रभावित हुनुभएको छ भने, तपाई राम्रो हुनुहुन्छ कि हुनुहुन्न भनी सायद विचार गर्न चाहानुहुनछ होला । कहिलेकाही कुराहरु जुनले हामीलाई नकारात्मक रुपमा असर गर्दछ सदा हाम्रै बारेमा मात्र हुँदैन । त्यहाँ केही कुरा छ जुन हामीले गर्नुपर्दछ । गौण भनेको सानो, हल्का, सानो महत्वको र तुच्छ हो ।

सानो समस्याहरुले हाम्रो जीवनलाई खपत गर्नसक्दछ र वास्तविकरुपमा हाम्रो हातमा भएको महत्वपूर्ण कुराहरुमा अन्धो बनाईदिन्छ । ती ले ठूलो संख्यामा शक्ति र क्षमता खपत गर्दछ र ती ठीक भएपछि पनि शुन्य मात्र वृद्धि दिँदछ । ती सम्झदाँ फरक यति मात्र हुन्छ कि त्यो बाईबलिय आधार हुँदैन जसद्वारा भएर जीउनको लागि परमेश्वरले निर्देशन दिनुभएको छ । परमेश्वरको कुराहरु र ती कुराहरुलाई अरु उच्चमा राख्नुहोस् जुन उहाँले तपाईलाई सुम्पनुभएको छ । क्षमा दिनुहोस्, विर्सनुहोस् अनि तपाईलाई मात्र महत्व भएको कुराहरु भन्दा पर गई अगाडि बढ्नुहोस् । परमेश्वरको राज्यको काम हाम्रो हातैमा छ । हामी सोची बस्दा, मानिसहरु हराईरहेका हुन्छन्, मरिरहेका हुन्छन् र नरकतिर जाँदै हुन्छन् । नीच व्यक्ति नहुनुहोस् ।

## आजको प्रार्थना

परमेश्वर, मेरो आखाँ र मनलाई माथिका कुराहरुमा लगाउन अनि एउटा अनन्तको विचारपूर्ण जीवन जीउन मलाई मद्दत गर्नुहोस् । महत्वपूर्ण विषयहरुलाई पहिचान गर्न र परमेश्वरको राज्यको नतिजालाई ध्यानमा राखी ती विषयहरुसित कार्य गर्न मलाई सिकाउनुहोस् । मेरो तुच्छ चिन्ताहरु र विषयहरुका लागि तपाईको इच्छालाई शून्य बनाई आफैलाई महत्वको स्थानमा म राख्ने छैन । म तपाईलाई पहिलो स्थानमा राख्नेछु अनि तपाईमा भरोसा राख्नेछु कि मेरो चिन्ताहरुलाई लिन तपाई सक्षम हुनुहुन्छ ।

## आजको बाईबल खण्ड

लूका १२:२९-३२ के खाऔंला कि के पिऔंला भनी तिमीहरु खोजीमा नबस, र चिन्तित पनि नहोओ । किनकि संसारका सबै मानिसहरु यी कुराहरुको खोजीमा रहन्छन् । तिमीहरुका पिताले जान्नुहुन्छ कि तिमीहरुलाई यी कुराहरुको खाँचो छ । तर परमेश्वरका राज्यको खोजी गर, र यी सबै कुराहरु पनि तिमीहरुलाई दिइनेछन् । "सानो बगाल, नडराओ ! किनभने तिमीहरुलाई राज्य दिन तिमीहरुका पिता प्रसन्न हुनुहुन्छ ।

# परमेश्वरतिर धकल्ने दवाबहरुको बारेमा कहिल्यै गुनासो नगर्नुहोस्

धेरै वर्ष अघि एकजना अति असल परमेश्वरको दास म कहाँ आउनुभयो । मेरो जीवनको त्यो समय एउटा यस्तो क्षण थियो जुनबेला म जीवनको केही सामान्य दवाबहरुमा वृद्धि हुन संघर्षरत थिए । परिवार, नोकरी, सेवकाई र जीवनमा अरु साधारण कुराहरुको भार एउटा असहनिय बोझ जस्तो देखियो अनि, मैले दवाबहरुको महशुस गरे । यी वृद्ध पास्टर मसित बस्नुभयो र मेरो निराशामय कुराहरुलाई सुन्नुभयो । जबै मैले मेरो कुरा भनिसकें, उहाँ हाँस्नुभयो र कृपामय, प्रेमिलो, वास्तापूर्ण र दृढ़ताको साथ मलाई भन्नुभयो, "परमेश्वरतिर धकल्ने दबावहरुका बारेमा कहिल्यै गुनासो नगर्नुहोस्...जीवनको समस्यहरुलाई तपाई र तपाईको परमेश्वरको बीचमा आउन नदिनुहोस् ।"

मैले यस्तो भनेको सुनेको छु कि हिरा केहीपनि होइन तर एउटा पूरानो कोईला मात्र हो जुन ठूलो चापको मुनि आएर बनको छ । जीवनको साधारण समस्याहरुले तपाईलाई नचिढ्याउन र हतास नबनाउन । जसै तपाई परमेश्वरको अरु बढी नजिकमा पुग्नुहुन्छ, ती दबावहरुले तपाईलाई शिक्षा देऊन् र अरु अघि बढ्न प्रेरणा देऊन् । यी समस्याहरुलाई उहाँसित एउटा नजिकको सम्बन्धमा विकास गर्नका लागि प्रयोग गर्नुहोस् ।

## आजको प्रार्थना

प्रभु, मैले सामना गर्ने समस्याहरुले मलाई गुनासोको जमिनमा तान्न नदिई, मेरो जीवनलाई अरु उच्च स्थानमा राख्न म इच्छा गर्दछु । म तपाईमा भरोसा राख्दछु र मलाई थाहा छ कि यी समस्याहरुमा मेरो बोझको वास्ता गर्दै मेरो नजिकमा तपाई हुनुहुन्छ । यी कुराहरुलाई तपाईको पुत्र येशू जस्तो अरु बढी हुनका लागि प्रयोग गर्नुहोस् ।

## आजको बाईबल खण्ड

यूहन्ना १६:३३ मैले तिमीहरुलाई यी कुरा यस हेतुले भनेको छु, कि ममा तिमीहरुलाई शान्ति होस् । संसारमा तिमीहरुलाई संकष्ट हुनेछ, तर साहस गर, मैले संसारलाई जितेको छु ।

फिलिप्पी ३:१० म उहाँलाई र उहाँको पुनरुत्थानको शक्ति जान्न सकूँ, र उहाँको मृत्युमा उहाँजस्तै भई उहाँका दु:ख-भोगमा सहभागी हुन सकूँ ।

# मूख्य कुरा भनेको मूख्य कुराहरुलाई मूख्य स्थानमा राख्नु नै हो

जीवन विभ्रान्ति र छलले पूर्ण छ जुनले हामीलाई परमेश्वरको हाम्रो जीवनमा रहेको सिद्ध इच्छाबाट टाढा राख्दछ । यी कुराको नै हव्वाले अदनको बगैंचामा सामना गरिन् । त्यसबेला जब परमेश्वरको वचनबाट उनको ध्यान हट्यो, आफ्नै इच्छामा केन्द्रित हुने परिक्षामा तिनी परेकी थिईन् । तपाईको दिन खोस्नको लागि र अति महत्वको तपाईको कुराहरुमा उत्पादनशील हुने अवसरबाट तपाईलाई टाढा राख्ने आशामा शैंतानले धेरै चोटी साना समस्याहरु पठाईदिन्छन् । मानिसहरु प्रायगरी महत्वहीन कुराहरुमाथि वहस गर्दछन् ।

निश्चित हुनुहोस् कि अनन्तताको दृष्टिकोणमा वास्तविक रुपमा नै महत्व नभएको कुराहरुद्वारा ध्यानभङ्ग हुनुहुनेछैन, विपथ हुनुहुनेछैन, निरुत्साहित हुनुहुनेछैन, वा पराजित हनुहुनेछैन । याद राख्नुहोस्, मूख्य भनेको मूख्य कुराहरुलाई मूख्य स्थानमा राख्नु नै हो...र त्यो मूख्य कुरा भनेको परमेश्वरको राज्यको लागि आत्माहरु जित्नु हो ।

## आजको प्रार्थना

परमेश्वर, जब म जीवनको ध्यान विकेन्द्रिकरण गराउने कुराहरु वा अति स्वार्थी भएको अनुभव थाहा गर्न त्यसलाई पहिचान गर्ने क्षमता र वुद्धि दिनुहोस् र आज अनि हरेक दिन मूख्य कुरालाई मूख्य स्थानमा नै राख्न मलाई सहायता गर्नुहोस् ।

## आजको बाईबल खण्ड

उत्पत्ति ३:१, ६ परमप्रभु परमेश्वरले बनाउनुभएको वन्य पशुहरुमध्ये सर्प सबभन्दा धूर्त थियो । त्यसले स्त्रीलाई भन्यो, “के परमेश्वरले तिमीहरुलाई बगैंचाको कुनै पनि रुखको फल नखानू भनी भन्नुभएको छ ?” जब स्त्रीले त्यस रुखको फल खानलाई असल र हेर्नमा रहरलाग्दो, र बुद्धि पाउनलाई त्यस रुखको चाह गर्नुपर्ने रहेछ भनी देखिन्, तब तिनले त्यस रुखको फल टिपेर खाइन्, आफ्ना पतिलाई पनि दिइन्, र उनले पनि खाए ।

मत्ति २८:१९-२० यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ, मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरुका साथमा छु ।

# तपाईको अभिषेकले तपाईको क्षमतलाई वृद्धि गराउँछ

परमेश्वरले मोशालाई अभिषेकको चिन्को रुपमा एउटा लट्ठी दिनुभयो भने एलियालाई एउटा लवेदा दिनुभयो जुन उनले एलिशालाई उनको दुई गुणा बढी अभिषेकको लागि दिए । यी अभिषेकका साथ उनीहरुले ठूलो शक्ति पाएँ र चिन्नहरु र आश्चार्यकर्महरु गरे । एउटा व्यक्तिको जिवनमा परमेश्वरको अभिषेकको कामले उनीहरुको आफ्नै क्षमताले गर्न सक्ने भन्दा ठूलो कामहरु उनीहले गर्न सक्दछन् । बाईबल भरिनै र हाम्रो वर्तमान इतिहासमा पनि हामी पाउँछौ कि पुरुषहरु र स्त्रीहरु परमेश्वरद्वारा अभिषिक्त भए जसद्वारा येशूको नाउँमा उनीहरुले रोगीहरुलाई निको पारे, मृतकलाई व्यूताएँ र प्राकृतिक नियमलाई नै बद्लाईदिए । सर्वशक्तिमान परमेश्वरले आजसम्म पनि मानिसहरुलाई अभिषेक गर्नुहुन्छ । परमेश्वरले तपाईलाई के काम गर्नको निम्ति अभिषेक गर्नुभएको छ ? परमेश्वरको अनुग्रहमय उपहारले तपाईको प्राकृतिक क्षमताहरुलाई सदा वृद्धि गराईदिन्छ । परमेश्वरको अभिषेकमा आश्रित हुनुहोस् र येशू खीष्टको नाउँमा विश्वासद्वारा तपाईको जीवन जिउनुहोस् ।

## आजको प्रार्थना

परमेश्वर, मलाई बोलाउनुभएको निम्ति, सक्षम बनाउनुभएको निम्ति, उचित स्थानमा राख्नुभएको निम्ति र निरन्तरको अभिषेकको निम्ति धन्यवाद छ ताकि येशू खीष्टको नाउँमा विश्वासद्वारा म पहाड़हरुलाई हटाउन सक्छु, आश्चार्यको काम गर्न सक्दछु र तपाईको इच्छाद्वारा शत्रुहरुसितको हरेक युद्धमा विजयी हुँदछु । मेरो आफ्नै क्षमतामा भन्दा बढी तपाईको अभिषेकमा बढी भरोसा राख्न मलाई सहायता गर्नुहोस् ।

## आजको बाईबल खण्ड

प्रस्थान १४:१६ तैंले चाहिँ आफ्नो लहुरो उठाएर आफ्नो हात समुद्रतिर पसारेर त्यसलाई दुई भाग गर्, कि इस्राएलीहरु समुद्रको बीचबाट ओबानो जमीनमा हिँडेर जाऊन् ।

फिलिप्पी ४:१३ जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु ।

जकरिया ४:६ यसैले तिनले मलाई भने, "यरुबाबेलको निम्ति परमप्रभुको यो वचन छ : 'नता बलले न शक्तिले, तर मेरो आत्माले,' सर्वशक्तिमान परमेश्वर भन्नुहुन्छ ।"

# अवरणित हुनुहोस्, पृथक होइन(ढाकिएको हुनुहोस्)

हामीलाई परमेश्वरको सम्पूर्ण हतियार धारण गर्नको लागि निर्देशन दिईएको छ ताकि यस संसारमा हामी शैतानबाटको अत्याचारको विरुद्धमा खड़ा हुन सक्नेछौं । यसले हामीलाई यो पनि संकेत दिँदछ कि परमेश्वरले हामीलाई यस संसारबाट नै हटाउनुको सट्टा, यसै संसारमा हामीलाई नोक्सानी पुराउने कुराहरुबाट बचाएर राख्न चाहानुहुन्छ । हामी संसारमा भएको भएतापनि हामी यस संसारको होइनौं, न त यस संसारको कुराहरुले नै हाम्रो विश्वास र परिवारमा खराब प्रभाव पार्न सक्ने हुनुपर्दछ । परमेश्वरको इच्छे विश्वास र परिवारमा खराब प्रभाव पार्न सक्ने हुनुपर्दछ । परमेश्वरको इच्छा न त यो नै हो कि हामी यस संसारबाट अलग होऔं र यस विन्दुमा पुगौं जहाँ हराएकाहरुसम्म पुग्ने न त अवसर नै छ, न त सुसमाचार प्रचार गर्ने र तिनीहरुको आवश्यकताहरु पुर्ति गर्ने मौका नै हुन्छ । हामी अवरणीत भएको हुनुपर्दछ तर अलग भएको भने होइन । आफैलाई परमेश्वरको वचनद्वारा, प्रार्थना र असल परामर्शद्वारा अवरण गरिएको हुनुहोस् । त्यसपछि,; क्षति पुग्ने, सतावटमा, बाधामा वा श्रापित हुने जोखिम स्थितीमा पनि काममा लागिरहनुहोस् । यदि तपाई राम्ररी आवरणद्वारा ढाकिनुभएको छ भने, तपाई युद्धको मैदानमा दृढ़ खड़ा हुनसक्नुहुन्छ ।

## आजको प्रार्थना

म तपाईको हतियार धारण गर्ने इच्छा गर्दछु ताकि अन्धकारमा चम्कने ज्योतिका साथ यस संसारमा खड़ा हुन सकूँ अनि मलाई नष्ट गर्ने खराबीहरुबाट पूर्ण जोगिन सकूँ । मेरो लक्षित बोलावटमा लाग्नबाट रोक्ने बाधा र सतावटलाई म स्थान दिनेछैन । तपाईको इच्छा पूरा गर्न मलाई सहायता गर्नुहोस्, प्रभु ।

## आजको बाईबल खण्ड

एफिसी ६:१०-११ अब अन्त्यमा, प्रभुमा र उहाँका शक्तिको सार्मथ्यमा बलवान् होओ । दियाबलसका युक्तिहरुका विरुद्धमा खड़ा हुन सक्नलाई परमेश्वरका सारा हातहतियार धारण गर ।

हितोपदेश १८:१ अमिल्दो मानिस स्वार्थको पछि लाग्छ, त्यसले सबै उचित ठहरको खुला विरोध गर्छ ।

## तपाईको लागि अचम्मित बनाउने कुरा परमेश्वरको लागि भने एउटा योजना हो

उत्पत्ति २९ अध्यायले हामीलाई याकूबको राहेल, उनको प्रेमिकासितको विवाहको रात पछिको पहिलो बिहानीको बारेमा बताउँदछ । तर, वास्तवमा उनले राहेलकी जेठी दिदी लेहासित विवाह गरेको रहेछ भनी थाहा पाउँदा उनी अच्चमित भए । धेरै वर्ष लेहालाई उनले प्रिय पत्नीको रुपमा व्यवहार गरेनन् तर बरु, याकूबले यसलाई एउटा गल्तीको रुपमा लिए । जुन कुरा याकूबको लागि एउटा अचम्मित गराउने कुरा भएको भएतापनि, अनि उनको नजरमा एउटा गल्ती भएको भएतापनि, यो वास्तवमा नै परमेश्वर जो हाम्रा विश्वासको सुरुवातकर्ता र अन्त्यकर्ता हुनुहुन्छ, सर्वशक्तिमान् र ब्रम्हाण्डको शासक जससित उहाँको इच्छा बमोजिम जे पनि गर्ने अधिकार छ, उहाँले बनाउनुभएको एउटा योजना मात्र थियो । परमेश्वरले हाम्रो लागि उहाँको योजनाहरु बनाउनु पूर्व हाम्रो अनुमतिलाई पहिला खोजी उहाँले गर्नुपर्दैन । हेनुहोस् त, यो लेहा नै थिईन् जो यहूदाको आमा बनिन्, जसद्वारा खीष्ट जन्मनुभयो अनि लेहा नै थिईन् जो अब्राहाम र सारा अनि इसाहक र रेबिका जस्तै गरी याकूबसित एकै चिहानमा गाँडिईन् । परमेश्वरसित एउटा योजना छ । अनि तपाईको लागि जुन अचम्म पार्ने कुरा छ, त्यो परमेश्वरको लागि भने एउटा योजना हो । तपाईको जीवनलाई उहाँतिर फर्काउनुहोस्, तपाईको सबै मार्गमा उहाँलाई स्थान दिनुहोस् अनि तपाईको मार्ग उहाँलाई अगुवाई गर्नको लागि दिनुहोस् ।

### आजको प्रार्थना

मलाई दिईएको मुक्तिको योजनाको लागि प्रभु तपाईलाई धन्यावद दिँदछु । अरुहरुलाई तपाईको प्रेमको बारेमा बताउन मलाई आजै प्रयोग हुनलाई सहायता गर्नुहोस् । साथै, जीवन व्यतितँ गर्दै गर्दा, तपाईको योजनामा भएको नचिताएको कुराहरुद्वारा हर्ष देख्न सकूँ, वृद्धि हुन सकूँ, अनि तपाईमाथि भरोसा गर्न मलाई सिकाउनुहोस् ।

### आजको बाईबल खण्ड

हितोपदेश १६:३३ सप्कोमा चिठ्ठा त हालिन्छ, तर त्यसको प्रत्येक निर्णय परमप्रभुबाट नै हुन्छ ।

भजनसंग्रह ३७:२३ यदि परमप्रभुलाई मानिसको मार्ग मन पऱ्यो भने उहाँले त्यसका पाइला दहिला पार्नुहुन्छ ।

## परमेश्वरले बोल्नुहुँदा, शंकाको आवजलाई नसुन्नुहोस्

जीवनमा हरेकल व्यक्तिले नचिताएको निरासपनहरुको र बाधाहरुको सामना गर्दछन् । यद्दपि, यी घटनाहरुसित जीवनको गन्तव्यलाई परिवर्तन नै गरिदिने शक्ति भने छैन । त्यस प्रकारको अधिकार तपाईसित मात्र छ । दाऊद इस्राएल र प्यालेष्टाइन बीचको युद्धमा जादाँ, उनको भाईले उनलाई हप्काए र गिल्ला गरे, र गोलियातलाई मारेर इनाम पाउन अहंकारी भएको पनि दोष लगाए । जेहोस्, दाऊदले ती कुराहरुको वेवास्ता गरे अनि राजाको कुरा सुनें । त्यसपछि जे पनि भए ती सबै इतिहास भयो । दाऊद गोलियातमाथि विजयी भए र इस्राएलले प्यालिष्टीमाथि विजयी प्राप्त गऱ्यो । उनको भाइहरुले त्रासित गराउने वचनमा निराशा हुनुको सट्टा, उनी अगाडि बढे र परमेश्वरको योद्धा भन्ने उचित इनाम पाएँ । तपाई पनि त्यस्ता समयहरुको सामना गर्नुहुनेछ जब मानिस वा परिस्थितीहरुले तपाईको प्रभावकारितालाई बाधा दिनेछ, वा तपाईलाई प्रभावकारी हुन दिनेछैनन् । शंकाहरुलाई वेवास्ता गर्नुहोस् र प्रभुको नाउँमा विजय प्राप्त गर्नुहोस् ।

### आजको प्रार्थना

पिता, तपाईमा अनि तपाईको वचनमा मेरो ध्यान लगाउन मलाई सहायता गर्नुहोस् । मेरो जीवनको प्रत्येक दिनका लागि यसलाई म मेरो मनन् र परामर्श बनाउनेछु । मानिसहरु र परिस्थितीहरु जसले मेरो प्रगतिलाई थप्प पार्दछ, जब म त्यस्ता कुराहरुको सामना गर्दछु, त्यस आँधीबाट निस्कन मेरो आखाँलाई म तपाईतिर लगाउनेछु । कुनै पनि कुरा वा मानिसलाई मेरो बोलावट बदल्न म दिनेछैन । मेरो जीवनको लागि तपाईको इच्छालाई म पूरा गर्नेछु ।

### आजको बाईबल खण्ड

१ शमुएल १७:३२ दाऊदे शाऊलाई भने, “त्यस पलिश्तीको कारण कोही पनि हताश नहोऊन् । म गएर त्यस पलिश्तीसँग लड्नेछु ।”

## तपाईको शत्रुहरुको पराजयमा तपाईको विजय छैन..तपाईको विजय त खीष्टमा छ

के कहिल्यै खराबबाट, भयानक कुराहरुबाट, वा तपाईले नहोस् भनेको कुराबाट असल कुरा आउन सक्छ र ? के कुनै समय त्यस्तो छ कि हारेको कुरामा उनीहरुले जीत प्राप्त गरेका छन् ? के परमेश्वरलाई उहाँले गर्दै गर्नुभएको काम के हो भनी थाहा छ, उहाँले विरलै मात्र तपाई संल्न हुनुभएको युद्धमा शत्रुको जितको लागि ? यी सबै प्रश्नहरुको जवाफ निश्चय नै हो भन्ने हुन्छ ।

परमेश्वरले हाम्रा शत्रुहरुलाई तिनीहरुको हात हामीमाथि लगाउन र क्षणीकको विजयी हुन पनि दिनुहुन्छ तर पछि गएर जुन हाम्रो भलाईको रुपमा परिणत हुँदछ । त्यही कुरा नै येशूको कष्टभोगाई र क्रुसको मृत्यु हुँदा पनि भएको थियो । १ राजा २२ अध्यायमा आहाबलाई मारेर इस्राएल माथि सिरियाले विजय प्राप्त गर्दा पनि यस्तै भएको थियो । तपाईको ध्यानलाई शुत्रको जयमा नलागउनुहोस् र न शत्रुको पराजयमा नै...तपाईको ध्यान येशूमा लगाउनुहोस्, किनकि तपाईको विजय उहाँमा मात्र छ ।

### आजको प्रार्थना

प्रिय प्रभु, मेरो ध्यान मेरो समस्याहरुमा होइन तर तपाईमा लगाउन सहायता गर्नुहोस् । मेरो शत्रुहरुलाई प्रेम गर्न, मलाई सताउनेहरुलाई, मसित खराब व्यवहार गर्नेहरुलाई आशिष दिन मलाई सिकाउनुहोस् । मलाई यो कुराको महशुस गर्न सहायता गर्नुहोस् कि मेरो विजय शत्रुको पराजयमा छैन, तर बरु मेरो विजय तपाईमा छ ।

### आजको बाईबल खण्ड

१ कोरिन्थी १५:५७ तर परमेश्वरलाई धन्यवाद होस्, जसले हामीलाई हाम्रा प्रभु येशू खीष्टद्वारा विजय दिनुहुन्द्वारा विजय दिनुहुन्छ ।

२ कोरिन्थी २:१४ तर परमेश्वरलाई धन्यवाद होस्, उहाँले हामीलाई खीष्टमा सधैं विजयको निम्ति डोऱ्याउनुहुन्छ, र उहाँको ज्ञानको सुबास्ना हामीद्वारा हरेक स्थानमा फैलाउनुहुन्छ ।

लूका ६:२७ “तर तिमी सुन्नेहरुलाई म भन्दछु, आफ्ना शत्रुहरुलाई प्रेम गर, र घृणा गर्नेहरुलाई भलाई गर ।

## तपाईको संभाव्यता प्राय गरी तपाईको असफलताको कारक हो

अदनको बगैंचा देखि यता, शैतानले मानवलाई त्यही पूरानो परिक्षाद्वारा परिक्षित पारिरहेको छ । उनी एक मास्टर परिक्षक हुन् जसले हामीलाई त्यस्तो परिक्षामा पार्दछ कि जुन न त कठिन छ, न त सजिलो नै; तर यो हाम्रो जीवनको समय र वर्षमा ठिक हुन्छन् । हजारौं वर्षदेखि, मानवको बारेमा शैतानले खोजी कार्य गरिरहेको छ, संसारमा डुल्दै र कसलाई पाउला र निलुला भन्दै, अनि उनी त्यसमा निपुणः पनि भइसकेका छन् । शैतानलाई लाग्छ कि जब उनले तपाईको परिक्षा गर्दछन्, खासगरी तपाईको स्वभाव र व्यक्तित्वसित सम्बधिन्त परिक्षाहरुमा तपाईले के गर्नुहुनेछ त्यो उनी बताउन सक्छन् । उनलाई लाग्छ कि उनले तपाईको लागि राखिदिएको परिक्षामा तपाई असफल हुनुहुनेछ भन्ने कुराको उनीसित एउटा सबल पक्ष छ । कुरा बताउन सक्ने खालको नहुनुहोस् ! संसारिक मानिसको चालमा नहिँड्नुहोस्, जसले मानविय बुद्धि र ज्ञानमा भरोसा राख्दछ । यदि तपाईले यसो गर्नुभयो भने, तपाई उनको चालमा फँस्नुहुनेछ । केही भन्न नसकिने खालको व्यक्ति हुनुहोस् ...

जब तपाईको एउटा गालामा चढ्काईन्छ, अर्को पनि थाप्नुहोस्; जब तपाईलाई श्राप दिइन्छ, आशिष दिनुहोस्; तपाईलाई सताउनेहरुलाई असल व्यवहार गर्नुहोस् । यो येशूको सन्देश हो र तपाईको जीवनको लागि परमेश्वरको इच्छा पनि यही हो । तपाईको असफलताको भविष्यवाणी शैतानलाई गर्न नदिनुहोस् र न त तपाईको पराजयको नै भविष्यवाणी गर्न दिनुहोस् । येशूमा भरोसा राख्नुहोस् र उहाँको वचन अनुसार गर्नुहोस् ।

### आजको प्रार्थना

परमेश्वर, येशू जस्तै हुन र मेरो शरीरको प्राकृतिक ढङ्ग भन्दाको माथिल्लो जीवन जिउन मलाई सिकाउनुहोस् । तपाईको वचन अनुसार मेरो आत्मालाई जिउन सिकाउनुहोस् र यस जीवनको समयस्याहरु र दबावहरु प्रति प्रतिक्रिया नदेखाउन पनि मलाई सहायता गर्नुहोस् । मे केही यसै हो भनी भन्न नसकिने व्यक्ति हुने इच्छा गर्दछु ।

### आजको बाईबल खण्ड

यूहन्ना ३:८ बतास जता चाहन्छ उतै बहन्छ । तिमी बतासको आवाज सुन्छौ, तर त्यो कहाँबाट आउँछ र कता जान्छ, त्यो जान्दैनौ । आत्माबाट जन्मेको हरेक व्यक्ति त्यस्तै हुन्छ ।

१ पत्रुस ५:८-९  सचेत रहो, जागा रहो, तिमीहरुको शत्रु दियाबलस कसलाई भेट्टाऊँ र खाइहाँलू भनी गर्जने सिंहजस्तै खोजिहिँड्छ । विश्वासमा दह्रिला भएर त्यसको विरोध गर, किनकि संसारभरि नै तिमीहरुका दाज्यू-भाइहरुले पनि यस्तै कष्टको अनुभव गरिरहनुपरेको छ ।